New Curriculum

# कक्षा ११ नेपाली

# पाठ १०: कृषिशालामा एक दिन

# अभ्यास

puspas.com.np

puspas.com.np

# INDEX

शब्दभण्डार

बोध र अभिव्यक्ति

व्याकरण

puspas.com.np

## शब्दभण्डार

**१. तल दिइएका अर्थ दिने शब्दहरु पाठबाट खोजेर लेख्नुहोस् :**

उत्तरः

(क) सोच्न लायक – मननीय

(ख) बालीनाली – उपज

(ग) अर्थपूर्ण – सार्थक

(घ) पानीमा बसेर जीविका गर्ने प्राणी – जलचर

(ङ) विषयुक्त – विषाक्त

(च) बिउ छरेपछि माटालाई पातपतिङ्गरले छोप्नु – आच्छादन

(छ) एउटै स्थानमा पाँच फरक उचाई हुने वृक्ष लगाउने– पञ्चस्तरीय ढाँचा

## २. दिइएका शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

गहुँत, उर्वर, स्थलचर, जलप्रबन्धन, कृषिविद्, प्रवर्धन, समृद्ध, अभियन्ता, महत्त्वाकाङ्क्षी, ज्ञानशाला

उत्तरः

१. गहुँत – निम, पाती, असुरो, बेसार आदि वनस्पतिको रसमा गहुँत मिसाएर जैविक विषादी बनाई बालीबिरुवामा लाग्ने रोग र किरा नियन्त्रण गर्न सकिन्छ ।

२. उर्वर – अन्नबाली बढी उत्पादन गर्ने मनसायले खेतबारीमा रासायनिक मल र विषादीको अति प्रयोगले उर्वर भूमि पनि बञ्जर बन्न पुग्दछ ।

३. स्थलचर – रासायनिक मल र विषादीको अत्यधिक प्रयोगले माटोको उर्वराशक्ति मात्रै नघटेर स्थलचर जीवहरुको अस्तित्वसमेत सङ्कटमा पुगेको छ ।

४. जलप्रबन्धन – धानबालीमा जलप्रबन्धनका लागि कुलो अथवा नाली बनाउनुपर्छ ।

५. कृषिविद् – खेतीबालीमा रासायनिक मल र विषादीको प्रयोग गर्दा कृषिविद्को सल्लाहमा माटो, हावा, पानी नबिग्रने गरी गर्नुपर्छ ।

puspas.com.np

६. प्रवर्धन – पुर्खाहरुले जोगाएर हामीलाई सुम्पेका बिउबिजनहरुलाई हामीले भविष्यका पुस्ताका लागि संरक्षण र प्रवर्धन गर्नुपर्दछ ।

७. समृद्ध – नेता र नीति सही नभएसम्म देश समृद्ध बन्न सक्दैन ।

८. अभियन्ता – हाम्रो देशमा युवा पुस्ताबाटै देशभक्त अभियन्ता नउदाएसम्म देशले विकास र समृद्धिको गति लिन नसक्ने नै भयो ।

९. महत्त्वाकाङ्क्षी – भौतिक सुख सुविधाका लागि महत्त्वाकाङ्क्षी बन्दा जीवनमा आत्मिक सुख शान्ति कहिल्यै पाउन सकिँदैन ।

१०. ज्ञानशाला – कृषि विज्ञानका विद्यार्थीहरुका लागि प्रयोगात्मक रुपमा ज्ञान आर्जन गर्नका लागि कृषिशाला कृषिशाला मात्रै नभएर ज्ञानशाला नै हो ।

puspas.com.np

३. **दिइएका पदावलीहरूको प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नुहोस् :**

**परम्परागत ज्ञान, प्राकृतिक वातावरण, रासायनिक मल, पर्यावरण संरक्षण, कृषि वैज्ञानिक**

उत्तरः कृषि क्षेत्रमा रहेका परम्परागत ज्ञान र अनुभवलाई जोगाई पुर्खाले सुम्पेका बिउबिजन जोगाउनु हाम्रो दायित्व हो । जैविक मलको प्रयोग गरी खेती गरेमा प्राकृतिक वातावरणको संरक्षण हुनुका साथै स्वस्थबर्द्धक खाद्यान्न उत्पादन हुन्छ। रासायनिक मलको प्रयोग गरी उत्पादन गरिएका खाद्यपदार्थ खाँदा हामीले मन्द विष खाइरहेका हुन्छौं । कृषि वैज्ञानिकको सल्लाहअनुसार माटो, हावा र पानी नबिग्रने गरी रासायनिक मल र विषादी प्रयोग गरेमा मात्रै पर्यावरण संरक्षण हुन सक्छ ।

puspas.com.np

puspas.com.np

## बोध र अभिव्यक्ति

**१. 'कृषिशालामा एक दिन' पाठ पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

क. संवादमा कति जना पात्रहरु सहभागी छन् ?

उत्तर : संवादमा ६ जना पात्रहरु सहभागी छन् ।

ख. सबैभन्दा धेरै पटक प्रश्न गर्ने विद्यार्थी कुन हो ?

उत्तर : सबैभन्दा धेरै पटक प्रश्न गर्ने विद्यार्थी म्हेन्दो हो ।

ग. यो संवाद कुन स्थानमा गरिएको छ ?

उत्तर : यो संवाद बद्री विश्वकर्माको कृषिशालाभित्र गरिएको छ ।

घ. कुन पात्रले खाद्यपदार्थलाई औषधी भनेको छ ?

उत्तर : डोल्मा गुरुमाले खाद्यपदार्थलाई औषधी भनेकी छन् ।

ङ. सबैभन्दा छोटो संवाद कसले बोलेको छ ?

उत्तर : सबैभन्दा छोटो संवाद हर्कध्वजले बोलेको छ ।

२. **दिइएका भनाइहरु कसका हुन्, पत्ता लगाउनुहोस् :**

क. यहाँ एउटा फसलले अर्को फसललाई सहयोग गर्छ ।

उत्तर : **बद्री**

ख. दुःख त तपाईंले पनि पाउनुभएकै होला ।

उत्तर : **रामभरोस**

ग. कृषि पेसा त आफूलाई मात्र होइन, संसारलाई बचाउने कर्म पनि त हो नि ।

उत्तर : **डोल्मा गुरुमा**

घ. यता पनि खेतबारीको वरिपरि रुखहरु रोप्नुभएको छ ।

उत्तर : **हर्कध्वज**

ङ. तपाईंको कुरा अलि अनौठो लाग्यो ।

उत्तर : **भगतसिंह**

च. तपाईंको यो कृषिशाला कृषिशाला मात्रै होइन, ज्ञानशाला पनि रहेछ ।

उत्तर : **डोल्मा गुरुमा**

puspas.com.np

३. 'कृषिशालामा एक दिन' पाठलाई हाउभाउसहित पढी संवादमा प्रश्न र उत्तरको शृङ्खला के कस्तो छ, समूहगत छलफल गर्नुहोस् ।

४. पाठमा रहेको " मैले प्रयोग ....... हैन र " संवादांश पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :

क. के गर्दा जमिन उर्वर बन्छ ?

उत्तर : कृषि क्षेत्रमा रासायनिक मल र विषादिको प्रयोग गर्नुको सट्टा प्राङ्गारिक एवं जैविक मलको प्रयोग गर्दा जमिन उर्वर बन्छ ।

ख. पानीका स्रोत विषाक्त हुनाको कारण के हो ?

उत्तर : पानीका स्रोत विषाक्त हुनाको कारण कृषि क्षेत्रमा जथाभावी रुपमा रासायनिक मल र विषादीको प्रयोग गर्नु हो ।

ग. संवादमा के कर्मलाई अपराध भनिएको छ ?

उत्तर : संवादमा प्राणीको जीवन रक्षाको आदर्शलाई भुलेर कृषि क्षेत्रमा जथाभावी रासायनिक मल र विषादी प्रयोग गर्ने कर्मलाई अपराध भनिएको छ ।

घ. प्रकृतिले हामीलाई कसरी सजायँ दिइराखेको छ ?

उत्तर : प्रकृतिले हामीलाई बेलाबेलामा अनेक प्रकारका रोगहरु उत्पन्न गराएर सजायँ दिइराखेको छ ।

puspa.com.np

५. दिइएको संवादांश पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

**(क) प्राकृतिक खेती गर्दा के फाइदा हुन्छ ?**

उत्तर : प्राकृतिक खेती प्रकृतिमैत्री हुनुका साथै कृषि उपजहरु स्वास्थ्यमैत्री हुने, उत्पादित खाद्यान्नको लागि बजारको कुनै समस्या नहुने, कृषि उपज उत्पादन स्थलबाटै सजिलैसँग बिक्ने, प्राकृतिक खेती गर्दा मल, बिउ, औषधी बजारबाट किन्नु नपर्ने, समय र पैसा दुवैको बचत हुने, रासायनिक खेतीको जस्तो धेरै पैसा बजारतिर नजाने, उत्पादन लागत कम हुने, उत्पादित वस्तुको मूल्य पनि धेरै पाइने आदि फाइदा प्राकृतिक खेती गर्दा हुन्छ।

puspas.com.np

५. दिइएको संवादांश पढ्नुहोस् र सोधिएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ः

(ख) "मन परेको काममा कमाइ थोरै भए पनि चित्त बुझ्छ।" यस कथनलाई पुष्टि गर्नुहोस् ।

उत्तरः मन परेको कुरा रुचिकर हुन्छ । त्यस्तो काम गर्दा जोस, जाँगर त हुन्छ नै साथमा थकानको पनि कमै महसुस हुन्छ । कममैं तल्लीन भई कर्मयोगी बनिन्छ । कममैं तन र मनका साथ रमाउने गरिन्छ । मन परेको काम कहिल्यै बोझिलो हुँदैन बरु आनन्दानुभूति हुन्छ । मन परेको कामलाई पैसासँग तुलना गरी मन कुँड्याउने काम कहिल्यै हुँदैन । कमाइ थोरै नै भए पनि सुख सन्तोषको अनुभूति गरिन्छ । मन परेको काममा रमाउने मान्छे श्रमको मूल्य पैसामा तुलना गरी कहिल्यै दुःखी हुँदैन । कमाइ थोरै नै भए पनि चित्त बुझ्दछ । सुखको आधार धन नभएर मन हो भन्ने उक्तिलाई मनन गरी रमाउन जानेको हुन्छ । तसर्थ "मन परेको काममा कमाइ थोरै भए पनि चित्त बुझ्छ।" भन्न सकिन्छ ।

puspas.com.np

६. दिइएको संवादांश पढ्नुहोस् र सोधिएका प्रश्नहरुको उत्तर लेख्नुहोस् :

## (क) हाम्रा मौलिक विउविजन कसरी जोगाउन सकिन्छ ?

उत्तरः हाम्रो देश नेपाल जैविक दृष्टिले समृद्ध मुलुक हो । कृषि प्रधान देश नेपालले पराधीन कृषि विकासको सङ्कीर्णतालाई तोडी हिमाल, पहाड, तराईको प्राकृतिक परिवेशको विविधतालाई सम्वोधन गरी कृषि रणनीति अपनाउनुपर्छ । परम्परागत ज्ञान र अनुभवलाई जोगाउँदै विउविजनको संरक्षण र प्रवर्द्धन गर्नुपर्छ । कृषि कर्मलाई सम्मानित कर्मका रुपमा स्थापित गर्नुपर्छ । रासायनिक मल र विषादीको सट्टा जैविक मल र जैविक विषादीको प्रयोग गर्नुपर्छ । धेरै फलाउने र छिटो फलाउने नाउँमा स्थानीय उत्तम जातका वालीविरुवालाई वली चढाएर आयातित विउविजनको प्रयोग गरी विउविजनमा नै परनिर्भर वन्ने दास मनोवृत्तिवाट माथि उठी जैविक विविधताको संरक्षण गरी मौलिक विउविजको प्रयोगमा जोड दिंदै हाम्रा अथाह खाद्यान्नका आधारहरु लोप हुनवाट जोगाउनुपर्छ भन्ने चेतना जगाउनुपर्छ । सरकारले युवा पुस्ताका लागि कृषि क्षेत्रमा लाग्न सीप एवं तालिम प्रदान गरी अनुदानको व्यवस्था गर्नुपर्दछ । कृषि उपजको बजार व्यवस्थापन गरी हौसला प्रदान गर्नुपर्दछ । जैविक विविधतासँगै जैविक खेतीको महत्व बुझाई कृषिमा आकर्षण बढाउन सकेमा नै हाम्रा मौलिक विउविजन जोगाउन सकिन्छ ।

puspas.com.np

६. दिइएको संवादांश पढ्नुहोस् र सोधिएका प्रश्नहरुको उत्तर लेख्नुहोस् :

**(ख) कृषिकर्मलाई सम्मानित कर्मका रुपमा स्थापित गर्न के के गर्नुपर्ला ?**

उत्तरः कृषिकर्म मानव जातिको अस्तित्वसँग जोडिएको आधारभूत कर्म हो । कृषिकर्म आफूलाई मात्र होइन, संसारलाई बचाउने कर्म पनि हो । नेपालमा करिब दुई तिहाई जनसङ्ख्या कृषि क्षेत्रमा आश्रित छन् । कृषि कर्मलाई सम्मानित कर्मका रुपमा स्थापित गर्न निम्नलिखित कार्य गर्नुपर्छ :

१. कृषिका अध्ययन र अनुसन्धानमा लागेका कृषि वैज्ञानिकहरु, नीति निर्माताहरु, जिम्मेवार पदाधिकारीहरु तथा कृषि अभियन्ताहरुले युवा पुस्तालाई एवं आफ्ना सन्ततिलाई कृषि क्षेत्रमा लाग्न प्रेरित गर्नुपर्ला ।

२. पढेलेखेका युवाले कृषिकर्मलाई अपनाउने सकारात्मक वातावरण सिर्जना गर्नुका साथै कृषिकर्मलाई हेर्ने कमजोर मानसिकतामा परिवर्तन गर्नुपर्ला ।

३. सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरी बिउबिजन एवं उपकरणका साथै तालिम दिई अनुदानको व्यवस्था गरी कृषि उपजको बजार व्यवस्थापन गर्दै कृषकलाई हौसला बढाउनुपर्ला ।

४. कृषि विद्यालय एवं विश्वविद्यालय खोली स्वरोजगार हुने वातावरण सिर्जना गर्नुपर्ला ।

५. कृषि उपजलाई उचित रुपमा निर्यात प्रवर्द्धनको व्यवस्था गर्नुपर्ला ।

६. कृषि यन्त्र उपकरण आयातमा राजस्व छुटको व्यवस्था गर्नुपर्ला ।

७. कृषि बिमाको उचित व्यवस्था गर्नुपर्ला ।

puspas.com.np

**७. उत्तर लेख्नुहोस् :**

**क. कृषिकर्म किन मानवजातिको अस्तित्वसँग गाँसिएको छ ?**

उत्तर : मानिसका लागि खाद्यान्न प्रमुख आधारभूत आवश्यकता हो । खाना नखाई मानिस बाँच्न सक्दैन । खाद्यान्नका लागि कृषिकर्म गर्नु नै पर्छ । खानाबिना मानव जीवनको अस्तित्व कल्पना गर्नै सकिँदैन । कृषिकर्म मानिसका लागि निर्विकल्प कर्म हो । एकले नगरे अर्कोले, अर्कोले नगरे तेस्रोले वा कसै न कसैले कृषिकर्म अपनाउनु नै पर्छ । खानाविना न मानिस बाँच्न सक्छ न शारीरिक, मानसिक एवं संवेगात्मक वृद्धि र विकास नै हुन सक्दछ । कृषिकर्म आधारभूत कर्म हो जसरी खाना आधारभूत आवश्यकता हो । त्यसैले कृषिकर्म कुनै व्यक्तिको रुचि अरुचिको काम मात्रै नभएर मानव जातिको अस्तित्वसँग गाँसिएको छ ।

puspas.com.np

## ख. वनजङ्गल र कृषिको सम्बन्ध कस्तो छ ?

उत्तर : वनजङ्गल नै पर्यावरणीय सन्तुलनको आधार हो । वनजङ्गले वातावरण स्वच्छ, सफा एवं हराभरा बनाएको हुन्छ । वनजङ्गल भएमा नै पानीका मुहान फुट्छन् अनि जलाशय सुक्दैनन् । पानीबिना जसरी जीवनको कल्पना गर्न सकिँदैन त्यसैगरी बिनापानीको कृषिकर्म गर्न पनि सम्भव हुँदैन। पानीको सिँचाइविना कृषिवाली फस्टाउन सक्दैन अनि खेतीबालीलाई चाहिने मल पनि वनजङ्गलबाटै प्राप्त गर्न सकिन्छ । रुखबिरुवाका सुकेका पातपतिङ्गरलाई प्राङ्गारिक मल एवं कम्पोस्ट मल बनाउन सकिन्छ भने हरियो मल एवं पिनामल पनि बोटबिरुवाबाटै बन्दछन् । एउटा बालीले अर्को बालीलाई सहयोग गर्दछ । एउटा नचाहिने भनेर फ्याँकेको बिरुवा अर्को बिरुवालाई मल बन्दछ । एउटाको बास्नाले अर्को बिरुवामा रोग लाग्दैन । एउटा बिरुवाको रस अर्को बिरुवामा लाग्ने शत्रु किराको विषादी बन्दछ । वरिपरि ठुलाठुला रुख छन् भने अन्न, तरकारी एवं फलफूलका बालीबिरुवालाई हावाको गति र रोगको आक्रमणलाई रोकी उत्पादनका लागि उपयुक्त प्राकृतिक वातावरण तयार पार्दछन् । यसरी हेर्दा कृषिमा बोटबिरुवाको सहअस्तित्व हुने भएकाले वनजङ्गल र कृषिको सम्बन्ध नङ र मासुको जस्तै अन्योन्याश्रित एवं घनिष्ट सम्बन्ध रहेको छ ।

puspas.com.np

## ग. जैविक मल र औषधी कसरी बनाउन सकिन्छ ?

उत्तर : मल र औषधिविना कृषि उत्पादन राम्रो हुन सक्दैन । मल बनाउँदा एउटा भाँडोमा २०० लिटर पानी, दश लिटर गहुँत, दश किलो गोबर, एक किलो गुँड, एक किलो दालको पिठो र वरपिपलको फेदको एक मुठी माटो राम्रोसँग मिसाएर तिन दिनसम्म ढाकेर राख्ने अनि विहान बेलुका लौराले चलाउनुपर्छ । तिन दिनपछि जैविक मल प्रयोग गर्नका लागि तयार हुन्छ । त्यसैगरी गाईवस्तुले नखाने खालका तितेपाती, असुरो, वनमासा, सिस्नो जस्ता दश बाह्र थरी रुखका पातहरुको रस गहुँतसँग मिसाएर तयार बनाइएको झोलमा खुर्सानी, निम, लसुन, बेसार, बोझो जस्ता जडीबुटी मिसाएर जैविक औषधी बनाउन सकिन्छ ।

puspas.com.np

**घ. आच्छादन प्रक्रियाका फाइदाहरु बताउनुहोस् ।**

उत्तर : रुखबिरुवाका सुकेका पातपतिङ्गरहरु भर्खर रोपेका बालीबिरुवाका फेदमा हाल्नु नै आच्छादन हो । आच्छादन प्रक्रियाका फाइदाहरु निम्नानुसार छन् :

१. बालीमा अनावश्यक झारपात उम्रन पाउँदैनन् ।

२. जमिनको चिसोपन सुक्न पाउँदैन ।

३. आच्छादनमाथि हल्का लेदो छरिदिएपछि बिस्तारै कुहेर बिरुवालाई मल बन्दछ ।

४. हामीले खाने उत्पादित अन्नबाहेक बाँकी सबै झ्यासझुस आच्छादन गरेपछि बिरुवालाई मलको अभाव हुन पाउँदैन ।

५. माटोको उर्वराशक्ति बढी बिरुवाले पोषण पाउँछ ।

६. अन्नबाली सप्रेर उत्पादन बढ्छ ।

७. रासायनिक मल किन्ने पैसा बचत हुन्छ ।

८. स्वस्थ र ताजा खाद्यान्न उत्पादन हुन्छ ।

puspas.com.np

**ङ. कृषि कर्मका बारेमा तपाईंका विचारहरू प्रस्तुत गर्नुहोस् ।**

उत्तर : खाद्यान्नबिना मानव जीवनको अस्तित्व कल्पनासम्म गर्न नसकिने भएकाले कृषिकर्म मानिसका लागि निर्विकल्प कर्म हो । कृषिकर्म आफूलाई मात्र होइन, संसारलाई बचाउने कर्म पनि हो । नेपालमा करिब दुई तिहाई जनसङ्ख्या कृषि क्षेत्रमा आश्रित छन् । नेपाल जैविक दृष्टिले समृद्ध मुलुक भएकाले प्राकृतिक परिवेशको विविधतालाई सम्बोधन गरी कृषि रणनीति अपनाउनुपर्छ । परम्परागत ज्ञान र अनुभवलाई जोगाउँदै बिउबिजनको संरक्षण र प्रवर्द्धन गर्नुपर्छ । कृषि कर्मलाई सम्मानित कर्मका रुपमा स्थापित गर्नुपर्छ । जैविक मल र जैविक विषादीको प्रयोगमा जोड दिई स्वस्थवर्द्धक खाद्यान्न उत्पादन गर्नुपर्छ । सरकाले युवा पुस्ताका लागि कृषि क्षेत्रमा लाग्न सीप, तालिम एवं प्रविधि प्रदान गरी अनुदानको व्यवस्था गर्नुपर्दछ । कृषि उपजको बजार व्यवस्थापन गरी हौसला प्रदान गर्नुपर्दछ । पढेलेखेका युवाले कृषिकर्मलाई अपनाउने सकारात्मक वातावरण सिर्जना गरी कृषिकर्मलाई हेर्ने कमजोर मानसिकतामा परिवर्तन गर्नुपर्छ । कृषिक्रान्ति गरी खाद्यान्नमा नेपाललाई आत्मनिर्भर बनाउनुपर्छ भन्ने मेरो विचार रहेको छ ।

puspas.com.np

८. समीक्षात्मक उत्तर दिनुहोस् :

**(क) दिगो कृषि पद्धतिका लागि के कस्ता कुरामा ध्यान पुऱ्याउनुपर्छ ?**

उत्तर : समाजको वर्तमानको खाद्यान्नको आवश्यकता एवं अन्य आधारभूत आवश्यकताहरु पूर्ति गर्नका लागि दिगो तरिका अपनाएर खेती गर्ने पद्धति नै दिगो कृषि पद्धति हो । यसमा वर्तमान र भविष्यका पुस्ताका लागि उनीहरुका आवश्यकताहरु पूरा गर्ने क्षमतामा कुनै पनि संझौता गरिँदैन । यस्तो पद्धति पारिस्थितिक प्रणालीमा आधारित हुन्छ । जसले कृषिको दिगोपन बढाउन धेरै सहयोग पुऱ्याएको हुन्छ । प्रदूषण, खडेरी, भूस्खलन, वनफँडानी, डढेलो आदिका कारण जलवायु परिवर्तन भई कृषि क्षेत्रमा प्रत्यक्ष असर पुगेको छ । जलवायु परिवर्तन न्यूनीकरण गर्ने तरिकामध्ये एक दिगो कृषिमा आधारित दिगो खाद्यान्न पद्धति अपनाउनु हो । दिगो कृषिले परिवर्तनशील वातावरणीय अवस्थामा जनसङ्ख्यालाई खुवाउन कृषि प्रणालीलाई सक्षम गर्न सम्भावित समाधान प्रदान गर्दछ ।

puspas.com.np

**दिगो कृषि पद्धतिका लागि निम्नलिखित कुराहरुमा ध्यान पुर्‍याउनुपर्छ :**

१. सरकारले भौगोलिक विविधतालाई मनन गरी जैविक विविधता एवं पारिस्थितिक प्रणालीलाई सम्बोधन गरी दीर्घकालीन कृषि रणनीति बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्छ । भूबनोट एवं माटो सुहाउँदो स्थानीय खेतीलाई संरक्षण एवं प्रवर्द्धन गर्नुपर्छ ।

२. परम्परागत ज्ञान र अनुभवलाई जोगाउँदै बिउबिजनको संरक्षण र प्रवर्द्धन गर्नुपर्छ ।

३. कृषिकर्मलाई सम्मानित कर्मका रुपमा स्थापित गर्नुपर्छ ।

४. रासायनिक मल र विषादीको सट्टा जैविक मल र जैविक विषादीको प्रयोगमा जोड दिनुपर्छ।

५. युवा पुस्तालाई ज्ञान, सीप र तालिम दिई अनुदानको व्यवस्था गरी जैविक खेतीको महत्व बुझाई कृषि क्षेत्रमा आकर्षित गर्नुपर्छ ।

६. कृषिका अध्ययन र अनुसन्धानमा लागेका कृषि वैज्ञानिकहरु, नीति निर्माताहरु, जिम्मेवार पदाधिकारीहरु तथा कृषि अभियन्ताहरुले युवा पुस्तालाई एवं आफ्ना सन्ततिलाई कृषि क्षेत्रमा लाग्न प्रेरित गर्नुपर्छ ।

puspas.com.np

७. पढेलेखेका युवाले कृषिकर्मलाई अपनाउने सकारात्मक वातावरण सिर्जना गर्नुका साथै कृषिकर्मलाई हेर्ने कमजोर मानसिकतामा परिवर्तन गर्नुपर्छ ।

८. सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राखी बजेट बिनियोजन गरी बिउबिजन एवं उपकरणका साथै तालिम दिई अनुदानको व्यवस्था गरी कृषि उपजको बजार व्यवस्थापन गर्दै कृषकलाई हौसला बढाउनुपर्छ ।

९. कृषि विद्यालय एवं विश्वविद्यालय खोली स्वरोजगार हुने वातावरण सिर्जना गर्नुपर्छ ।

१०. कृषि उपजलाई उचित रुपमा निर्यात प्रवर्द्धनको व्यवस्था गर्नुपर्छ ।

११. कृषि यन्त्र उपकरण आयातमा राजस्व छुटको व्यवस्था गर्नुपर्छ ।

१२. कृषि विमाको उचित व्यवस्था गर्नुपर्छ ।

अत : दुई तिहाईभन्दा बढी जनसङ्ख्या कृषि क्षेत्रमा निर्भर रहेको हाम्रो देशमा दिगो कृषि पद्धतिका लागि सरकारले नै कृषिलाई प्राथमिकतामा राखी दीर्घकालीन रणनीति अपनाई कृषि क्षेत्रको विकास र समृद्धिका लागि उपर्युक्त उपायहरु अवलम्बन गरी कृषि क्रान्ति गरी खाद्यान्नमा आत्मनिर्भर बनाउनुपर्छ ।

puspas.com.np

**८. समीक्षात्मक उत्तर दिनुहोस् :**

**(ख) "वातावरण प्रदूषणको मूल कारण मान्छे नै भएकाले यसको समाधान पनि मानिसले नै गर्नुपर्छ ।" संवादात्मक सन्दर्भसमेत ख्याल गरी आफ्ना तर्कहरु प्रस्तुत गर्नुहोस् ।**

उत्तर : हावाले ढाकिएको पृथ्वी वरपरको सम्पूर्ण भौतिक एवं जैविक अवस्थिति नै वातावरण हो । जलवायु एवं भूमिको भौतिक, रासायनिक, जैविक पक्षमा देखिएको अस्वाभाविक परिवर्तन अथवा जल, जमिन, हावा, ध्वनि, तापीय एवं रेडियोधर्मी प्रदूषणकै समग्र प्रदूषित अवस्था नै वातावरण प्रदूषण हो । वातावरण प्रदूषणको मूल कारण नै मान्छे हो । मानिसले विकासका नाममा प्राकृतिक स्रोत र साधनहरुको अत्यधिक प्रयोग गरी उद्योगधन्दा सञ्चालन एवं कलकारखानाको निर्माण एवं सञ्चालन, सडक, जलविद्युत, सिँचाइ जस्ता पूर्वाधारहरुको विकास निर्माणका कार्यहरु गर्दा दिगो विकासको सिद्धान्तलाई अवलम्बन नगरी अव्यवस्थित एवं भूधरातलीय स्वरुप एवं पर्यावरणीय पक्षलाई ख्याल नगरी एकतर्फी क्षणिक सेवा र सुविधाकेन्द्रित हुँदा वातावरणीय प्रदूषण बढ्ने एवं पर्यावरणीय सन्तुलन बिग्रने खतरा हुन्छ ।...

puspas.com.np

विकासका गतिविधि एवं उद्योगहरु सञ्चालन गर्दा पर्यावरणीय सन्तुलन एवं पारिस्थितिक प्रणालीमा असर नपर्ने गरी दिगो विकासको नीतिलाई अपनाउनुपर्छ ।
उद्योगधन्दा, कलकारखाना एवं जनसङ्ख्या वृद्धिले जलवायु प्रदूषण भएको छ । आणविक शस्त्रास्त्रको निर्माण एवं परीक्षण, रासायनिक मल, विषादीको प्रयोग, औद्योगिक क्षेत्र, अस्पतालहरुको फोहरमैला, वनजङ्गल विनाशका कारण भूमिप्रदूषण, उद्योगधन्दा, सवारी साधनको चर्को आवाज, सवारी साधनको चर्को आवाजले ध्वनि प्रदूषण, आणविक बिस्फोटन, कीटनाशक औषधी आदिको प्रयोगबाट रेडियोधर्मी प्रदूषणका साथै ओजन तहको क्षयीकरणका कारण सूर्यको परावैजनी विकिरणले पृथ्वीको तापमान बढ्न गई समग्र वातावरणीय प्रदूषण बढ्न गएको छ । यसरी हेर्दा मानवीय गतिविधिकै कारण वातावरणीय प्रदूषण बढेकाले वातावरणीय प्रदूषणको मूल कारण नै मानिस हो भन्न सकिन्छ ।...

puspas.com.np

वातावरणीय प्रदूषणसम्बन्धी समस्याहरु समाधान गर्नका लागि प्राकृतिक स्रोत र साधनहरुको विवेकपूर्ण प्रयोग गरी जैविक एवं पारिस्थितिक प्रणालीलाई मध्यनजर राखी दिगो विकासका सिद्धान्तलाई मनन गरी पर्यावरणीय सन्तुलन र पारिस्थितिक प्रणालीमा असर नपर्ने गरी विकासका गतिविधि एवं उद्योगधन्दाहरु सञ्चालन गर्नुपर्दछ । वनजङ्गल संरक्षण गर्नुपर्दछ । वृक्षरोपण गर्नुपर्छ, आगलागी नियन्त्रण गर्नुपर्दछ । वनजङ्गल संरक्षण ऐन, नियम र कानुन निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ । विद्यालय र विश्वविद्यालयका पाठ्क्रम एवं पाठ्यपुस्तकमा वनजङ्गल संरक्षणसम्बन्धी विषयवस्तु समावेश गर्नुपर्दछ । भूसंरक्षणसम्बन्धी चेतना जगाउनुपर्छ । फोहरमैला सही व्यवस्थापन गर्नुपर्छ । धुलो धुँवाको नियन्त्रण गर्ने, नदीमा फोहर नफाल्ने, खुला दिसापिसाब नगर्ने, वायु प्रदूषण, जल प्रदूषण नियन्त्रण गर्ने, रासायनिक मल एवं विषादी कम प्रयोग गर्ने, जैविक मल र जैविक विषादी प्रयोगमा जोड दिने, पुराना गाडी चलाउन नदिने, उद्योगलाई बस्तीबाट टाढा स्थापना गर्ने, परम्परागत ज्ञान र अनुभवको प्रयोग गरी जैविक खेती गर्न सकेमा वातारणीय प्रदूषण नियन्त्रण गर्न सकिन्छ ।

puspas.com.np

(८) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् :

(क) नेपालले कस्तो वाणिज्य नीति अवलम्वन गरेको छ ?

उत्तरः नेपालले आफ्नै स्रोतसाधनको परिचालन गरी आर्थिक विकास र गरिवी निवारण गर्ने वाणिज्य नीति अवलम्वन गरेको छ ।

(ख) राजस्वमा वृद्धि कसरी गर्न सकिन्छ ?

उत्तरः सामान निकासी, पैठारीलाई समयानुकूल वनाउनुका साथै लघु उद्योग, घरेलु उद्योगलाई प्रोत्साहन गर्दै नेपाली माटो सुहाउँदो अर्थतन्त्र निर्माण गरे राजस्वमा वृद्धि गर्न सकिन्छ ।

(ग) देशको समृद्धिमा निजी क्षेत्रको भूमिका कस्तो हुन्छ ?

उत्तरः निजी क्षेत्रको सक्रिय सहभागितामा उद्योग व्यवसाय सञ्चालन गरी देशभित्रै रोजगारको अवस्था सिर्जना गर्नाले राज्यको अर्थव्यवस्था मजवुत हुने भएकाले देशको समृद्धिमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ ।

(घ) जैविक विविधता र गरिवी निवारण पदावलीको अर्थ लेख्नुहोस् ।

उत्तरः जैविक विविधता – जीवको विविधतामय अवस्था , गरिवी निवारण – गरिवी हटाउने काम

puspas.com.np

# समास र विग्रह



puspas.com.np

उदाहरण

| समास | विग्रह |
| --- | --- |
| वाढीपीडित | वाढीले पीडित |
| आज्ञानुसार | आज्ञाको अनुसार |
| भान्दाइ | भानिज दाइ |
| पञ्चामृत | पाँच अमृतको समूह |
| मृगनयनी | मृगको जस्ता नयन भएकी |
| दाजुभाइ | दाजु र भाइ |

परिभाषा

दुई वा दुईभन्दा बढी स्वतन्त्र शब्दहरुबाट एउटै शब्द बन्ने प्रक्रिया नै समास हो भने समास शब्दभित्र अन्तर्निहित शब्दहरुलाई अर्थगत आधारमा टुक्र्याउने प्रक्रिया नै विग्रह हो । समास प्रक्रियाबाट बनेका शब्दलाई समस्त शब्द भनिन्छ । समास हुँदा विग्रहमा रहेका विभक्ति, संयोजक, शब्दांश, शब्द, प्रत्यय, वचनचिह्न आदि लोप हुने गर्दछन् ।




puspas.com.np

puspas.com.np

# १. तत्पुरुष समास

| उदाहरण: विग्रह | समास |
|---|---|
| गाईलाई मारा | गाईमारा |
| बाढीले पीडित | बाढीपीडित |
| जीवनका निम्ति उपयोगी | जीवनोपयोगी |
| देशबाट निकाला | देशनिकाला |
| गाईको जात्रा | गाईजात्रा |
| रातमा अन्धो | रतन्धो |
| जगत्का ईश्वर | जगदीश्वर |
| पथबाट भ्रष्ट | पथभ्रष्ट |
| गगनलाई चुम्ने | गगनचुम्बी |
| मानवका निम्ति उचित | मानवोचित |



**परिभाषा:** विभक्ति चिन्हको लोप भएर बन्ने समास नै तत्पुरुष समास हो ।

puspas.com.np



# २.कर्मधारय समास:

उदाहरण

| विग्रह | समास |
| --- | --- |
| भानिज दाइ | भान्दाइ |
| सानी नानी | सान्नानी |
| जेठो बाठो | जेठोबाठो |
| गहुँगो गोरो | गहुँगोरो |
| सिंहको जस्तो नाद | सिंहनाद |
| भवरूपी सागर | भवसागर |
| चन्द्रजस्तो बिन्दु | चन्द्रबिन्दु |

भव:संसार

**परिभाषा:** नाम र नाम, विशेषण र नाम, विशेषण र विशेषण शब्दहरूका बीचमा समास भई पछिल्लो शब्दार्थ प्रमुख हुने समास नै कर्मधारय समास हो ।

# ३.अव्ययीभाव समास:



उदाहरण

| विग्रह: | समास |
| --- | --- |
| आज भोलि | आजभोलि |
| रात दिन | रातदिन |
| प्रत्येक वर्ष | प्रतिवर्ष |
| आज्ञा अनुसार | आज्ञानुसार |
| देश बाहिर | देशबाहिर |
| पछि तिर | पछिल्तिर |
| वारि पारि | वारिपारि |

परिभापा:

अव्ययको अव्ययसँग वा अन्य पदहरुका विचमा समास भई अव्ययकै अर्थ दिने समास अव्ययीभाव समास हो ।

puspas.com.np

# ४. द्विगु समास:



उदाहरण

| विग्रह: | समास |
|---|---|
| दुई मनको समूह | दोमन |
| तीन नदीको समूह | त्रिवेणी |
| चार बन्दीको समूह | चौबन्दी |
| पाँच तत्वको समूह | पञ्चतत्त्व |
| छ यन्त्रको समूह | षड्यन्त्र |
| आठ धातुको समूह | अष्टधातु |
| दश अवतारको समूह | दशावतार |

परिभाषा:

सङ्ख्यावाचक शब्दसँग नाम मिलेर समूहबोधक समस्त शब्द बन्ने प्रक्रिया नै द्विगु समास हो ।

puspas.com.np

puspas.com.np

# ५. द्वन्द्व समास:



उदाहरण

| विग्रह: | समास |
|---|---|
| दाजु र भाइ | दाजुभाइ |
| पाप वा पुण्य | पापपुण्य |
| शब्द पनि अर्थ पनि | शब्दार्थ |
| न रुनु न हाँस्नु | रुनुनहाँस्नु |
| दु:ख एवं दर्द | दु:खदर्द |
| मन, वचन र कर्म | मनवचनकर्म |
| दाल, भात र तरकारी | दालभाततरकारी |

**परिभाषा:** समान महत्व भएका शब्दहरूको मेल भई नयाँ शब्द बन्ने प्रक्रिया द्वन्द्व समास हो।

# ६. बहुब्रीहि समास:



puspas.com.np

**उदाहरण**

| विग्रह: | समास |
|---|---|
| हात्तीका जस्ता पाइला भएको | हात्तीपाइले |
| मृगका जस्ता नयन भएकी | मृगनयनी |
| माछाका जस्ता आँखा भएकी | मिनाक्षी |
| माखा जस्ता बुट्टा भएको | मखिबुट्टे |
| चन्द्रमाको जस्तो मुख भएकी | चन्द्रमुखी |
| लामा खुट्टा छन् जसका | लामखुट्टे |
| नील कण्ठ भएको | नीलकण्ठ |

**परिभाषा:** समस्त शब्दभित्र रहेका शब्दले मूल अर्थलाई छोडी अन्य अर्थ प्रदान गर्ने समास।

puspas.com.np

**व्याकरण अभ्यास**

# समास र विग्रह

**१. दिइएको गद्यांशमा रेखाङ्कन गरिएका पदावलीलाई एउटै समस्त शब्द बनाई लेख्नुहोस्.**

| विग्रह | | समास |
|---|---|---|
| भानिज दाइ | – | भान्दाइ |
| वाद र विवाद | – | वादविवाद |
| प्रत्येक दिन | – | प्रतिदिन |
| रोगले ग्रस्त | – | रोगग्रस्त |
| लोकको हित | – | लोकहित |
| अन्न र जल | – | अन्नजल |
| प्रत्येक वर्ष | – | प्रतिवर्ष |

| विग्रह | | समास |
|---|---|---|
| गाउँको पालिका | – | गाउँपालिका |
| हिमको आलय | – | हिमालय |
| जीवनरुपि गीत | – | जीवनगीत |
| कूपको मण्डूक | – | कूपमण्डूक |



puspas.com.np

२. दिइएको अनुच्छेदका गाढा शब्दलाई विग्रह गरी देखाउनुहोस्:



| समास | | विग्रह |
|---|---|---|
| सान्नानी | – | सानी नानी |
| पूजासामग्री | – | पूजाको लागि सामग्री |
| बाटापारि | – | बाटाको पारि |
| पीताम्वर | – | पीत अम्वर छ जसको |
| वाघचाल | – | बाघ चालिन्छ जसमा |
| नियमपूर्वक | – | नियम पूर्वक |
| आजभोलि | – | आज भोलि |
| धर्मकर्म | – | धर्म र कर्म |
| चक्रपाणि | – | चक्र छ पाणीमा जसको |
| दोधार | – | दुई धारको समूह |

| समास | | विग्रह |
|---|---|---|
| चौबन्दी | – | चार बन्दीको समूह |
| मखिबुट्टे | – | माखा जस्ता बुट्टा भएको |
| पञ्चामृत | – | पाँच अमृतको समूह |
| फूलपाती | – | फूल र पाती |
| सयपत्री | – | सयवटा पत्र छन् जसमा |
| लालुपाते | – | लाल छ पात जसको |
| पल्लाघर | – | पल्लो घर |
| नीलकण्ठ | – | नील कण्ठ छ जसको |
| षड्दर्शन | – | छ दर्शनको समूह |
| अष्टाध्यायी | – | आठ अध्यायको समूह |

puspas.com.np

३. पाठबाट समस्त शब्द खोज्नुहोस् र ती शब्द कसरी बनेका हुन्, बताउनुहोस्।



उत्तर:

| समास | | विग्रह |
|---|---|---|
| भाइबहिनी | – | भाइ र बहिनी |
| अर्थशास्त्र | – | अर्थको शास्त्र |
| स्नातकोत्तर | – | स्नातक उत्तर |
| जीवनरक्षा | – | जीवनको रक्षा |
| पढेलेखेको | – | पढेको लेखेको |
| छसात | – | छ र सात |
| कृषिकर्म | – | कृषि कर्म |
| खेतीयोग्य | – | खेतीका लागि योग्य |
| वरपिपल | – | वर र पिपल |

| समास | | विग्रह |
|---|---|---|
| गुरुआमा | – | गुरु आमा |
| वनजङ्गल | – | वन र जङ्गल |
| साँझविहान | – | साँझ विहान |
| खेतबारी | – | खेत र बारी |
| पातपतिङ्गर | – | पात र पतिङ्गर |
| मानवनिर्मित | – | मानवद्धारा निर्मित |
| रुखबिरुवा | – | रुख र बिरुवा |
| गुरुमा | – | गुरु आमा |
| बिउबिजन | – | बिउ र बिजन |
| मनोविज्ञान | – | मनको विज्ञान |

puspas.com.np

## ४. समस्त शब्द भए विग्रह अनि विग्रहका अवस्थामा भए समस्त शब्द बताउनुहोस् :

**उत्तर:**



| समास | | विग्रह |
|---|---|---|
| महाकवि | – | महान् कवि |
| बाछिटा | – | बाङ्गो छिटा |
| फेद्नटुप्पो | – | न फेद न टुप्पो |
| रतन्धो | – | रातमा अन्धो |
| नवरस | – | नौ रसको समूह |
| दाजुभाइ | – | दाजु र भाइ |
| हाडेओखर | – | हाडजस्तो ओखर |
| हृष्टपुष्ट | – | हृष्ट र पुष्ट |
| ऋणनधन | – | न ऋण न धन |

| | | |
|---|---|---|
| सप्तमातृका | – | सात मातृकाको समूह |
| बाढीपीडित | – | बाढीले पीडित |
| चौपाया | – | चार पाउ भएको |
| चरीनङ्ग्रे | – | चराका जस्ता नङ्ग्रा भएको |
| जुँगामुठे | – | मुठा जत्रा जुँगा भएको |
| बोकेदारी | – | बोकाको जस्तो दारी छ जसको |
| चन्द्रबिन्दु | – | चन्द्र जस्तो बिन्दु |
| लम्कन्ना | – | लामा कान छन् जसका |
| कालीमाटी | – | कालो माटो |
| लम्बोदर | – | लम्ब उदर भएको |
| लामखुट्टे | – | लामो खुट्टा भएको |

५. माथि परेका बाहेक विभिन्न प्रकारका समस्त शब्दहरु खोजी कक्षामा प्रस्तुत गर्नुहोस्, त्यस्ता शब्दको विग्रह कसरी गर्न सकिन्छ भनी छलफल गर्नुहोस् ।

| समास | विग्रह | समासको नाम |
| --- | --- | --- |
| अघिल्तिर | अघि + तिर | अव्ययीभाव समास |
| हरवखत | हरेक + वखत | अव्ययीभाव समास |
| इच्छानुसार | इच्छा + अनुसार | अव्ययीभाव समास |
| शोकाकुल | शोकले + आकुल | तत्पुरुष समास |
| पूजासामग्री | पूजालाई + सामग्री | तत्पुरुष समास |
| जगदीश्वर | जगत्का + ईश्वर | तत्पुरुष समास |

puspas.com.np

| समास | विग्रह | समासको नाम |
| --- | --- | --- |
| चन्द्रबिन्दु | चन्द्रजस्तो + बिन्दु | कर्मधारय समास |
| भलादमी | भलो + आदमी | कर्मधारय समास |
| ठुल्दाइ | ठुला + दाइ | कर्मधारय समास |
| त्रिवेणी | तीन + नदीको सङ्गम | द्विगु समास |
| अष्टधातु | आठ + धातुको सामूह | द्विगु समास |
| दशावतार | दश + अवतारको समूह | द्विगु समास |

puspas.com.np

puspas.com.np

| समास | विग्रह | समासको नाम |
| --- | --- | --- |
| नाफानोक्सान | नाफा वा नोक्सान | द्वन्द्व समास |
| फेदनटुप्पो | न फेद न टुप्पो | द्वन्द्व समास |
| सुखदुःख | सुख र दुःख | द्वन्द्व समास |
| पीताम्बर | पीत अम्बर छ जसको | बहुब्रीहि समास |
| गोबरगणेश | गोबरको गणेशजस्तो छ जो | बहुब्रीहि समास |
| लुछाचुँडी | लुछेर अनि चुँडेर गरिने झगडा | बहुब्रीहि समास |